गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# कृषि विकास कार्यालय, स्याङ्जा

सूचना नं.: ४/२०८३/८४

## प्राङ्गारिक मल अनुदान कार्यक्रमका लागि आवेदन प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना
### (प्रथम पटक प्रकाशित सूचनाः मिति २०८३/०६/२१)

कृषि विकास कार्यालय, स्याङ्जाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **प्राङ्गारिक मल वितरण** कार्यक्रमको लागि प्रस्ताव पेश गर्न ईच्छुक स्याङ्जा जिल्ला भित्रका कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यही **मिति २०८३/०७/१४ गतेसम्म** तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव भरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, आवेदनका लागि आवश्यक कागजात र फारमहरु Scanned Documents सहित कृषि विकास कार्यालय, स्याङ्जाको आधिकारिक इमेल akcsyangja@gmail.com मा समेत पठाउन सकिनेछ।

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत बढीमा | कार्यक्रमको लक्ष्य | बजेट (रु.लाख) | छनौटका न्यूनतम आधार (अनुसरण गर्नुपर्ने मापदण्ड) |
|---|---|---|---|---|---|
| १ | प्राङ्गारिक मल वितरण कार्यक्रम | बढीमा ७५ % | १ पटक | १० | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा २ रोपनी र समूह/सहकारीको हकमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा फलफूलको व्यवसायिक खेती गरेको हुनुपर्नेछ। अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम संचालन मापदण्ड, २०७८ (संशोधनसहित) |

**<u>पेस गर्नुपर्ने आवश्यक कागजातहरु:</u>**

१. तोकिएको ढाँचामा स्पष्ट रुपले भरिएको प्रस्तावना फारम।

२. कृषि फर्म/कम्पनी/कृषक समूह वा कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र तथा प्यानको प्रतिलिपि, नवीकरण प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि, जग्गाधनीको लालपुर्जाको प्रतिलिपि, समूह/सहकारीको हकमा उल्लिखित कार्यक्रममा प्रस्ताव पेस गर्ने सम्बन्धी निर्णय। साथै, **यस कार्यालयको मिति २०८३/०५/११ गते प्रकाशित अनुदान कार्यक्रमका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना अन्तर्गत फलफूल बगैचा सुदृढीकरण कार्यक्रममा प्रस्ताव पेस गरेका आवेदकले बुँदा नं. १ को प्रस्तावना फारम बाहेक अन्य उल्लिखित कागजात पेस गर्न पर्ने छैन।**

**Website**: www.syangja.ado.gov.np
**इमेल**: akcsyangja@gmail.com
**सम्पर्क नम्बर**: ०६३-४२४१३०, ०६३-४२५१९९,
९८५६०५५२७६ (कार्यालय प्रमुख), ९८५६०५४०८५ (सूचना अधिकारी)

..............................
प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास
अधिकृत